सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५५ | गान्तोक, (शुक्रबार) १७, २०२२ | अङ्क २१

## स्वार्गीय डा.सञ्जय उप्रेतीको स्मृतिमा स्थापित पुस्तकालय राज्यपालद्वारा उद्घाटन



गान्तोक।

गान्तोकको सोच्यागाङस्थित नयाँ एसटीएनएम अस्पतालमा स्वार्गीय डा.सञ्जय उप्रेतीको स्मृतिमा पुस्तकालयको स्थापना गरिएको छ,जसको उद्घाटन १५ जूनमा राज्यपाल श्री गंगा प्रसादको बाहुलीद्वारा गरियो।

राज्यपाल श्री गंगा प्रसादले स्वार्गीय डा.सञ्जय उप्रेतीप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पित गर्नुहुँदै भन्नुभयो, उहाँद्वारा लोकहितका निम्ति गरिएको कामहरूलाई सदैव स्मरण गरिनेछ, र असल कार्य गर्नेहरू मृत्युपछि पनि अमर बन्छन्।

उल्लेखनीय छ, राजधानीको नयाँ एसटीएनएम अस्पतालमा हृदयरोग विशेषज्ञ डा.सञ्जय उप्रेतीमाथि त्यस समय छुरीको प्रहार गरिएको थियो।

जब उहाँले अस्पतालकी एक कर्मचारीमाथि भइरहेको हमलालाई रोक्ने प्रयास गर्नुभएको थियो।

यस अवधि पुस्तकालयको विकास हेतु राज्यपालले राजभवनको तर्फबाट दुई लाख रुपियाँको अनुदान प्रदान गर्नुभयो।

## सागा दावाको अवसरमा नाम्चीस्थित नामड्रोलिङ गुम्बामा मुख्यमन्त्रीको सहभागीता



नाम्ची।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ र उहाँकी धर्मपत्नी श्रीमती कृष्ण राई गत १४ जूनमा नामड्रोलिङ गुम्बा बुमटार,नाम्ची र जोरथाङस्थित गुरु लाखाङ उगेनलिङ गुम्बामा सागा दावाको शुभ अवसरमा सहभागी हुनुभयो। उहाँका साथमा भवन तथा आवास विभाग मन्त्री श्री सञ्जित खरेल, एनएमसीका अध्यक्ष श्री गणेश राई, एनएमसीका उपाअध्यक्ष श्रीमती सावित्री तामाङ, एनएमसीका पार्षदहरू, जिल्लापाल नाम्ची श्री भरणीकुमार,महकुमा नाम्ची श्रीमती रजनी पेगा र भक्तजनहरूको उपस्थिति थियो।

पूजाको क्रममा मुख्यमन्त्रीले सिक्किम र सिक्किमेली जनताको कल्याण, शान्ति र सद्भावको निम्ति प्रार्थना गर्नुभयो। साथै उहाँले गुम्बाका सदस्यहरूसंग पनि अन्तरक्रिया गर्नुभयो र गुम्बाहरूको विकासका निम्ति आफूले सक्दो सहयोग गर्ने आश्वासन दिनुभयो।

## दोस्रो राज्यपाल कप ब्याडमन्टिन प्रतियोगिता २०२२-को समापन



गान्तोक।

सिक्किमको ब्याडमिन्टन संघको सहयोगमा राजभवन सचिवालयले गत १४ जुनमा आयोजना गरेको दोस्रो गभर्नर कप ब्याडमिन्टन प्रतियोगिता २०२२ गान्तोकको पालजर स्टेडियममा सम्पन्न भयो।

समापन समारोहमा राज्यपाल श्री गंगा प्रसाद प्रमुख अतिथि र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ विशिष्ट अतिथिको रूपमा र भारतीय ब्याडमिन्टन टोलीका मुख्य राष्ट्रिय प्रशिक्षक श्री पुलेला गोपीचन्द विशेष अतिथिको रूपमा उपस्थिति रहनुभयो।

कार्यक्रममा सिक्किम विधानसभाका अध्यक्ष श्री एल.बी. दास, सांसद लोकसभा, श्री इन्द्रहाङ सुब्बा, मन्त्रीगण, श्री लोकनाथ शर्मा, श्री कर्मा लोडे भोटिया र श्री साम्डुप लेप्चा, उपमेयर,जीएमसी, श्रीमती छिरिङ पाल्देन भोटिया, र मुख्यमन्त्रीका राजनीतिक सचिव, श्री जेकब खालिङ, विधायकगणसहित सिक्किमको खेलकुद विभाग र ब्याडमिन्टन संघका अधिकारीहरू , अन्य विशिष्ट व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आफ्नो सम्बोधनमा उक्त कार्यक्रममा अर्जुन पुरस्कार विजेता श्री पुल्लेला गोपीचन्दको उपस्थिति राज्य र यसका उदीयमान खेलाडीहरूका लागि सम्मानको कुरा रहेको र यसरी राज्यको ब्याडमिन्टनको क्षेत्रमा ऐतिहासिक रहेको बताउनुभयो। उहाँले खेलकुद संस्कृतिको प्रवर्द्धन र राज्यका

रहल पृष्ठ ४ मा...

## मुख्यमन्त्रीद्वारा दोस्रो आइआरबी क्याम्प पिपले परिसरमा पुलिस अतिथि गृहको उद्घाटन



गेजिङ।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको बाहुलीद्वारा दोस्रो आइआरबी क्याम्प पिपले परिसरमा १५ जूनमा पुलिस अतिथि गृहको उद्घाटन गरिएको छ।

सिक्किम पुलिसको १२५औं वार्षिकोत्सव अन्तर्गत पश्चिम सिक्किमको पिपलेस्थित दोस्रो आइआरबी शिविरमा गत २ जूनदेखि आरम्भ भएको अन्तरशाखा भलिबल प्रतियोगिताको फाइनल खेल पनि समापन भयो। यस समापन समारोहमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रुपमा उपस्थित रहनुभयो। मन्त्रीगण श्री बीएस पन्त,श्री लोकनाथ शर्मा,श्री सञ्जित खरेल,विधायकगण विभिन्न पदाधिकारी र स्थानीय नागरिकहरूको उपस्थिति थियो।

उल्लेखनीय छ, यसै महिना २ जूनदेखि शुरु भएको अन्तरसाखा भलिबल प्रतियोगिता विशेष शाखाको विजेता र होमगार्ड तथा सिभिल डिफेन्सको टाली उपविजेता हुँदै समापन भयो। खेलाडीहरूको हौसला र खेलको भावनालाई उत्प्रेरित

रहल पृष्ठ ३ मा...

# मुख्यमन्त्रीद्वारा लिङदुम गुम्बा राङ्काको भर्मण



गान्तोक।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले १२ जूनमा,राङ्कास्थित लिङदुम गुम्बाको भर्मण गर्नुभयो। उहाँले स्नातक उतीर्ण गुम्बा र स्रेडाका लामाहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो। यस अवसरमा रिम्पोछे विशेष रूपमा उपस्थित हुनुभयो र मुख्यमन्त्रीलाई स्मृति चिन्ह अर्पण गरेर कृतज्ञता व्यक्त गर्नुभयो। कार्यक्रममा मन्त्रीगण श्री कुङ्गानिमा लेप्चा,श्री सोनाम लामा र श्री अरुण उप्रेती विधायक श्री सोनाम भेन्चुङ्गपा धर्म विभागका सचिव डा.पासाङ डी फेम्पु,लामा,धर्मावलम्बीहरू आदि उपस्थित थिए।

# मुख्यमन्त्रीद्वारा आदर्शगाउँस्थित श्री श्री सिद्धिदेवी मन्दिरको उद्घाटन




नाम्ची।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत १३ जूनमा आदर्शगाउँस्थित श्री श्री सिद्धिदेवी मन्दिरको उद्घाटन गर्नुभयो।

कार्यक्रममा विधानसभा अध्यक्ष श्री एलबी दास, मन्त्रीगण तथा क्षेत्रीय विधायक श्री वेदुसिंह पन्त भवन तथा आवास विभाग मन्त्री श्री सञ्जित खरेल, सल्लाहकार अध्यक्ष,पदाधिकारीहरू लगायत सर्वसाधारण र भक्तजनको उपस्थिति रह्यो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्रीले आदर्शगाउँका जनतालाई आफ्नो इलाकामा अत्याधुनिक श्री श्री सिद्धिदेवी मन्दिर बन्न सकेकोमा बधाई दिनुभयो। छोटो समयमा मन्दिरको निर्माण सम्पन्न भएकोले उद्घाटन समारोहलाई उहाँले ऐतिहासिक भएको बताउनुभयो। मन्दिरको स्थापनाले क्षेत्रको कल्याणका निम्ति धेरै शुभ अवसरहरू पनि ल्याउने उहाँले जानकारी पनि दिनुभयो।

मुख्यमन्त्री श्री तामाङले राज्यका विभिन्न तीर्थस्थलहरू जस्तै ठाकुरबारी मन्दिर र पछिल्लो समय पारुहाङ साम्पेन माङ्खिम तथा अन्तराष्ट्रिय किरात राई भाषिक तथा सांस्कृतिक अनुसन्धान केन्द्र लगायतका तीर्थस्थलहरूको निर्माण सम्पन्न भएको बताउनुभयो। उहाँले यी स्थलहरूमा विभिन्न पर्याटकहरू आउँछन् भन्नुहुँदै यी ठाउहरूलाई शुद्ध र पवित्र राख्न स्थानीय जनतालाई आग्रह गर्नुभयो। उहाँले जग्गा उपलब्ध भएमा आदर्शगाउँमा मनोरञ्जनका निम्ति पार्क र पार्किङ यार्ड पनि बनाइने र सम्भव भएमा सिङताम बजार विस्तारका निम्ति पनि राज्य सरकारले चाँडोभन्दा चाँडो कार्य गर्ने आश्वासन दिनुभयो। उहाँले नामथाङ–रातेपानी निर्वाचन क्षेत्रअन्तर्गत उपमहकुमा पनि छिट्टै निर्माण हुने जानकारी दिनुभयो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले शिक्षा र अन्य धेरै क्षेत्रहरूमा बोल्नु हुँदै राज्य सरकारले यसलाई सुदृढ पार्न ठूलो प्रयास गरेको छ,ताकि समाजका सबै वर्गहरूका निम्ति समग्र रूपमा लाभान्वित हुन सकून भन्नेबारे विस्तृत रूपमा बताउनुभयो।

उहाँले कोभिड–१९ बारे प्रकाश पार्नुहुँदै यो रोग निर्मुल हुन नसकेको भन्नुहुँदै सबैले सावधानी अपनाउनुपर्ने बताउनुभयो।

३०० पलङयुक्त सिङताम जिल्ला अस्पतालको बारेमा पनि जनाउनुहुँदै यसले जनता र बिरामीलाई धेरै सहयोग पुर्याउने र नागरिकको स्वास्थ्य भविष्य बनाउन राज्य सरकारको प्राथमिकता रहेको पनि बताउनुभयो।

मन्त्री तथा क्षेत्र विधायक श्री वेदुसिंह पन्तले तोकिएको समयमा मन्दिर सम्पन्न गर्ने राज्य सरकारको प्रयासको प्रशंसा गर्नुभयो। उहाँले आदर्शगाउँमा भोग्नुपरेको अन्य समस्यका बारेमा पनि जानकारी गराउनुहुँदै क्षेत्रमा कार्यन्वयन भइरहेको अधिकांश विकास निर्माणका आयोजनाको अवस्थाबारे पनि जानकारी गराउनुभयो।

कार्यक्रमको क्रममा श्री श्री सिद्धदेवी मन्दिर समितिका अध्यक्ष श्री इन्द्रबहादुर क्षेत्रीले मन्दिर निर्माण सम्बन्धी विभिन्न विस्तृत जानकारी गराउनुभयो।

उहाँले लामो समयदेखि जनताको माग रहेको मन्दिर निर्माणमा सहयोग गरेकोमा समितिको तर्फबाट राज्य सरकारप्रति आभार व्यक्त गरे। मन्दिर समितका सदस्यहरूले मुख्यमन्त्रीद्वारा राज्य र जनताको उत्थानमा अथक प्रयास गर्नुभएकोमा उहाँलाई बधाई दिए।

समितिद्वारा मन्दिरको सौन्दर्यीकरणमा आफ्नो अमूल्य समय दिने विभिन्न व्यक्तिहरूलाई पनि सम्मान गरे।

आदर्शगाउँमा उद्घाटन गरिएको श्री श्री सिद्धिदेवी मन्दिरमा मन्दिर बल्क, मन्दिर हल,बहुउद्देश्यीय हलसहित कार्यालय, सहायक बल्क, गुरुजी निवास,भान्छा तथा भोजन कक्ष शौचालय, हवनकुण्ड,भण्डार कक्ष, बाहिरि सिँढी क्षेत्र, पूजा कक्ष र अन्य धेरै थप आवश्यक सुविधाहरू छन्।

# 'मुख्यमन्त्री कृषि आत्मानिर्भर तथा पशुधन समृद्धि योजना'–नामक योजनाको कार्यक्रम



नाम्ची।

मुख्यमन्त्री कृषि आत्मानिर्भर तथा पशुधन समृद्धि योजना' भन्ने नाराका साथ १३ जूनमा राबुङको सामुदायिक हलमा सचेतना तथा प्रोत्साहन वितरण कार्यक्रम आयोजना गरिएको छ।

कार्यक्रममा कृषि, बागवानी पशुपालन तथा पशु चिकित्सा सेवा विभाग मन्त्री श्री लोकनाथ शर्मा प्रमुख अतिथि हुनुहुन्थ्यो क्षेत्र विधायकको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा कृषक कल्याण बोर्डका अध्यक्ष श्री फुरदेन लेप्चा, प्रमुख निर्देशक (बागवानी) श्री एसके तामाङ, अतिरिक्त निर्देशक (एएचभीएस) श्री सरमान राई, अतिरिक्त निर्देशक (एएचभीएस) श्री अर्थ राई, अतिरिक्त निर्देशक (बागवानी) श्री बी.एल. दाहाल, सहनिर्देशक (कृषि) सुश्री निर्मला मोक्तान, उपनिर्देशक (एएचभीएस) सुश्री नेविदिता प्रधानलगायत सम्बन्धित विभागका अधिकारीहरू थिए।

कार्यक्रममा ग्राम प्रशासन केन्द्रका पञ्चायत सदस्यलगायत अन्यको उपस्थिति थियो।

कार्यक्रममा प्रमुख अतिथि श्री लोकनाथ शर्माले बागवानी तथा कृषि बालीका लागि उत्पादन प्रोत्साहन योजना, सुँगुर उत्पादन प्रोत्साहन र दुग्ध उत्पादन प्रोत्साहनका विभिन्न लाभार्थीहरूलाई चेक हस्तान्तरण गर्नुभयो।

बरफुङ निर्वाचन क्षेत्रका लागि वितरण गरिएका प्रत्येक योजनाको भुक्तानी निम्नानुसार छन्:

१. बागवानी र कृषि बाली को निम्ति उत्पादन प्रोत्साहन योजनाहरु अन्तर्गत ४२.१९ लाख।

सुँगुर उत्पादन अन्तर्गत २.१५ लाख रुपैयाँ।

३.डेरी उत्पादन प्रोत्साहन योजना अन्तर्गत ३१.५० लाख।

सम्बोधनको क्रममा श्री शर्माले राज्य सरकारद्वारा लागू गरिएको प्रोत्साहन योजनाहरूको अधिकतम लाभ लिन किसानहरूलाई प्रोत्साहित गर्नुभयो।

उहाँले मुख्यमन्त्री प्रेमसिंह तामाङको नेतृत्वमा रहेको राज्य सरकारले कृषक समुदायको जीवनस्तर उकास्न कुनै कसर बाँकी नराखेको बताउनुभयो। उहाँले उल्लेख गर्नुभयो कि यी प्रोत्साहन योजनाहरू बाहेक, राज्य सरकार २१औं शताब्दीको प्रतिस्पर्धात्मक युगमा सिक्किमका जनतालाई आत्मनिर्भर र मेहनती बनाउनमा केन्द्रित छ।

साथै, उहाँले हालैको संयुक्त राज्य अमेरिकाको भ्रमणको बारेमा आफ्नो अन्तरदृष्टि पनि साझा गर्नुभयो।

साथै, उहाँले कृषकहरुलाई पनि उद्यमी बन्न र अरुलाई पनि रोजगारीको स्रोत सिर्जना गर्न आग्रह गर्नुभयो।

क्षेत्रका विधायकले आफ्नो सम्बोधनमा राज्य सरकारलाई किसान समर्थक नीति र योजनाहरू बनाएकोमा कृतज्ञता व्यक्त गर्नुभयो।

अतिरिक्त निर्देशक श्री सरमन राईले पनि सरकारद्वारा लागू गरिएका विभिन्न योजना र यसका प्रोत्साहन दरबारे प्रकाश पार्नुभयो। उहाँका अनुसार यस योजनाबाट १० हजारभन्दा बढी लाभग्राही प्रत्यक्ष लाभान्वित भएका छन्।

साथै, यस योजनाका लाभार्थीहरूलाई कुल साढे सात करोड रुपियाँ वितरण गरिने उहाँले बताउनुभयो। साथै, सरकारले ऋण र राष्ट्रिय बाँस मिसन योजनाहरू मार्फत विकास नामक आकर्षक योजनाहरू उपलब्ध गराउने भएकाले बेरोजगार युवाहरूलाई खेतीपातीमा लाग्न पनि उहाँले प्रोत्साहन गर्नुभयो।

त्यसैगरी मल्ली निर्वाचन क्षेत्रका लाभार्थीहरुलाई तुरुक स्वास्थ्य तथा कल्याण केन्द्रको सामुदायिक हलमा पनि सोही प्रोत्साहन वितरण कार्यक्रमको आयोजना गरियो।

वितरण गरिएको मल्ली निर्वाचन क्षेत्रका लागि प्रत्येक योजनाको भुक्तानी निम्नानुसार छ:

१. कृषि र बागवानी बालीको निम्ति उत्पादन प्रोत्साहन योजना अन्तर्गत १८.६८ लाख।

२.सुँगुर उत्पादन प्रोत्साहन योजना अन्तर्गत १८ लाख।

३. डेरी प्रोत्साहन योजना अन्तर्गत ४७.६० लाख।

स्वास्थ्य नै धन हो

# पहिलो रिन्चेनपोङ सरकारी कर्मचारी सम्मेलन, २०२२ मा मुख्यमन्त्रीको सहभागिता




सोरेङ।
रिन्चेनपोङ समष्टि सरकारी कर्मचारी कल्याण संघको तत्वावधानमा प्रथम रिन्छेनपोङ सम्ष्टि स्तरीय सरकारी कर्मचारी सम्मेलन ११ जूनमा आयोजन भयो। कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ प्रमुख अतिथिको रूपमा उपस्थित हुनुभयो। उहाँको साथमा शिक्षा मन्त्री श्री कुञ्जानिमा लेप्चा, मन्त्रीगण विधायकगण, लोकसभा सांसद विभिन्न विभाग साथै बोर्ड अनि संस्थानका सल्लाहकारगण र अध्यक्षगण, अधिकारीगण र आम नागरिकको उपस्थिति थियो।

सम्बोधनमा ख्यमन्त्रीले सेवानिवृत्त कर्मचारीको सेवाको कदर गर्दै अरूले पनि सिक्ने र कार्यान्वयन गर्ने बताउनुभयो। साथै उहाँले मंगलबारेलाई उप-डिभिजनको दर्जा दिएकोमा जनतालाई बधाई दिनुभयो। विगतका वर्षको स्मरण गर्दै उहाँले यही ठाउँबाट राजनीतिक यात्रा सुरु गरिएकोले यो ठाउँ मनको नजिक रहेको बताउनुभयो।

मुख्यमन्त्रीले रिन्चेनपोङ कर्मचारी कल्याण संघद्वारा राखेका मागहरुमाथि छलफल गरी सोही अनुसारको कदम चाल्ने आश्वासन दिनुभयो। उहाँले विद्यालयलाई नयाँ सुविधा, सरसफाइ, सांगीतिक उपकरण र खेल मैदानको पुनर्विकास गरी स्तरोन्नति गरिने घोषणा गर्नुभयो। विद्यालयका प्रधानाध्यापकको भूमिका र दायित्वको महत्वबारे बोल्नुहुँदै उहाँले विशेषगरी दुर्गम क्षेत्रमा पर्ने विद्यालयका लागि आवतजावतका लागि आवासीय बस्नेठाउँ र सवारी साधन उपलब्ध गराइने बताउनुभयो।

मुख्यमन्त्री श्री तामाङले सरकार गठनको ३ वर्षमा राज्यले हासिल गरेका उपलब्धि र विकासका बारेमा पनि जानकारी गराउनुभयो। उहाँले कर्मचारीको हितका लागि ल्याइएका नीतिहरूमध्ये धेरै विद्यालयमा आवश्यक शिक्षकको खाँचो पूरा गर्ने, र ८ वर्ष सेवा पूरा गरेपछि स्थायी गरिने प्रक्रियाबारे पनि जानकारी गराउनुभयो। महिला शिक्षकलाई १ वर्षको सुत्केरी बिदा र पतिलाई १ महिनाको पितृत्व बिदा रहेको बताउनुभयो। कर्मचारीको सेवानिवृत्तिको समयमा अवकाश लाभहरूको उपलब्धता बारे पनि जानकारी गराउनुभयो। उहाँले ग्रामीण विद्यालयका लागि पनि पद स्वीकार गर्दा बढी ध्यान दिन शिक्षकहरूलाई आग्रह गर्नुभयो। उहाँले श्रीबदमस्थित अन्तर्राष्ट्रिय विश्वविद्यालय, मेघीडाँडामा रवीन्द्रनाथ टेगोर पार्क जस्ता निर्वाचन क्षेत्र अन्तर्गत स्वीकृत भएका सबै विकासक्रमहरू पनि गणना गर्नुभयो। जिल्लाको पर्यटन प्रवर्द्धनका लागि उहाँले वन विभागअन्तर्गतको क्याम्प आयोजनाअन्तर्गत रेसुम गुम्बाको सुन्दरीकरण, राम्रो जडानका लागि सडक निर्माण, साइकल यात्रा र पदयात्राका लागि मार्ग निर्माणलगायत विभिन्न आयोजना पाइपलाइनमा रहेको बताउनुभयो।

सो अवसरमा मुख्यमन्त्री श्री तामाङले रिन्चेनपोङमा भएको दुःखद आगलागीका ८ परिवारको क्षतिको आधारमा १०, सात र पाँच लाख रुपियाँ राहतको घोषणा पनि गर्नुभयो।

कार्यक्रममा सेवानिवृत्त कर्मचारी, सरकारी कर्मचारी र मरणोपरान्त कर्मचारीलाई अभिनन्दन गरियो। आयोजक समितिले विद्यालय जमीनदाता डा.टीआर ग्यात्सोलाई पनि सम्मान गरे।

यसअघि पद्मश्री सम्मानित स्वर्गीय श्री बीबी मुरिङ्लाको आत्माको चिरशान्तिमा सम्पूर्ण महानुभावहरू, अतिथि तथा दर्शकहरूले श्रद्धाञ्जली अर्पण गरे। कार्यक्रममा प्रमुख अतिथिद्वारा श्री बीके न्यौपाने (आरटीओ/जोरथाङ)-लाई रिन्चेनपोङ निर्वाचन क्षेत्र अन्तर्गत उत्कृष्ट कर्मचारीको अवार्ड प्रदान गरियो।

### मुख्यमत्रीद्वारा दोस्रो आइआरबी....

गर्न मुख्य अतिथि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले विजयी टोलीलाई तीन लाख, उपविजेतालाई दुई लाख सेमिफाइनल पुग्ने टोली प्रत्येकलाई एक लाख रुपियाँ नगद पुरस्कार प्रदान गर्नुभयो। अन्य सहभागी टोलीलाई क्रमशः पचास हजार रुपियाँ र सबै पदाधिकारीहरूलाई दश हजार रुपियाँ मुख्यमन्त्रीद्वारा प्रदान गरियो।

कार्यक्रममा विभागका तर्फबाट डीजीपीले प्रेमसिंह तामाङलाई अभिनन्दन जनाउनुभयो। यसअघि कार्यक्रमको शुरुवातमा श्री ए सुधाकर राव,(डीजीपी)द्वारा स्वागत मन्तव्य राख्नुभयो। कार्यक्रमका प्रमुख अतिथि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङद्वारा दोस्रो आइआरबी क्याम्प,पिपलेको परिसरमा नवनिर्मित सिक्किम पुलिस संकाय भवनको पनि उद्घाटन गर्नुभयो।

## देबरूङ युनाइटेड क्लबद्वारा बिरूवा रोपन

नाम्ची।
नाम्चीको देबरूङ युनाइटेड क्लबले १४ जून,मङ्गलवार देबरूङ जाने सड़कको सर- सफाइसँगै सड़क वरिपरि बिरूवा रोपन गरेको छ। क्लबले पैयूँ, धुप्पी र मेल गरी जम्मा १५० बिरूवा रोपेको छ।

उल्लेखनीय, २०१८ मा स्थापना भएको यो क्लबले विभिन्न समयमा विभिन्न प्रकारका सामाजिक कार्य गर्दै आएको छ। यो क्लबकी अध्यक्ष श्रीमती गीता छेत्री, उपाध्यक्ष श्रीमती हेमन्ती छेत्री, महासचिव श्रीमती शान्ति छेत्री, संयुक्त सचिव श्री गणेश छेत्री, कोषाध्यक्ष श्री योगेन्द्र दर्नाल, सहायक कोषाध्यक्ष प्रतिक्षा प्रधान र प्रचार सचिव श्रीमती माला छेत्री रहेका छन्।

**पर्याप्त बिरूवा रोपौँ**
**वन जंगल बचाऔँ**

## सार्वजनिक सूचना

*प्लास्टिकको एकल प्रयोग(सिङ्गल यूज प्लास्टिक) (एस यू पी ))उत्पादन,भण्डारण, वितरण बिक्री र प्रयोगमा निषेध गर्नको निम्ति सूचना*

सम्बन्धित सबैको निम्ति मन्त्रालयद्वारा यो जानकारी गरिएको छ कि, पर्यावरण, वन र जलवायु परिवर्तन( एमओईएफ/सीसी) भारत सरकारद्वारा मिति १२ अगस्त २०२१- मा जारी गरिएको अधिसूचना सङ्ख्या जी.एस.आर ५७१(ई) अन्तर्गत १ जुलाई २०२२-देखि प्लास्टिकको निर्माण, उत्पादन,आयात, भण्डारण, विक्री वितरण सिङ्गल यूज प्लास्टिक (एसयूपी) पूर्ण रुपले निशेषध गरिनेछ।

प्लास्टिक फोहोर व्यवस्थापन(संशोधन) नियम,२०२१ को ४(२) अनुसार सिङ्गल यूज प्लास्टिक (एस यू पी)उत्पादन आयात, भण्डारण,वितरण बिक्री र निम्नलिखित पोलिस्ट्राइन अनि विस्तारित पोलिस्ट्राइन वस्तुहरुको प्रयोग १ जुलाईदेखि प्रतिबन्ध गरिनेछ-

क) प्लास्टिकको डण्ठा भएको कान कोट्याउने अथवा एयरबड्स, प्लास्टिकको डण्ठासहितको बेलुन, फ्लास्टिकको झण्डा, क्यान्डी स्टिकहरू, आइसक्रिम स्टिकहरू, सजावटको निम्ति पोलीस्टरीन(थर्मोकोल)।

ख) प्लेट,मग,ग्लास, काँटा,चम्ची चक्कु,स्ट्र, ट्रे, प्याक वा बेर्ने, मिठाइको बाकस निमन्त्रणा कार्डहरू,सिगरेट प्याकेटहरू,प्लास्टिक वा १०० भन्दा कम्ति माइक्रोन भएको पीभीसी ब्यानरहरू।

प्लास्टिक फोहोर व्यवस्थापन(संशोधन)नियम २०२१-को नियम ४(१)(ग) अनुसार, शुद्ध वा त पुर्ननविकरण प्सास्टिक(रिसाइकल प्लास्टिक)बाट बनेको ७५ माइक्रोनभन्दा कम मोटाइ अनि ४(१) नियम अनुसार ६० ग्राम प्रति स्कवेर मिटर(जीएसएम) युक्त नबुनिएको प्लास्टिक बोक्ने झोला ३० सितम्बरदेखि उपयोगमा प्रतिबन्ध गरिएको छ। साथै नियम ४(१)(ग) बमोजिम नयाँ वा रिसाइकल गरिएको एक सय बीस(१२०) भन्दा कम माइक्रोन युक्त झोला पनि ३१ दिसम्बर २०२२ देखि प्रतिबन्ध गरिनेछ।

सबै उत्पादक,स्टक,विक्रेता,पसल, स्थापना (मल/बजार/सपिङ सेन्टर/ सिनेमा घर/पर्यटन स्थान/विद्यालय/महाविद्यालय/ कार्यलय कम्पलेक्स/ अस्पताल र अन्य संस्थानहरू)मा र आम जनतालाई समय रेखा अनुसार पहिचान गरिएका एसयूपी वस्तुहरूको उत्पादन,भण्डारण वितरण,बिक्री र प्रयोग रोक्न उक्त एमओईएफ/सीसी अधिसूचना निर्दिष्ट गरिएको छ। यसबाहेक,३० जून २०२२ सम्म माथि उल्लेखित एसयूपी वस्तुहरूको शून्य सूची सुनिश्चित गर्न सम्बन्धित निकायहरूले आवश्यक कारबाही गर्नुपर्नेछ।

यस कानूनको उल्लङ्घन गर्नेविरुद्ध पर्यवरण संरक्षण ऐन,१९८६ अन्तर्गत उपयुक्त निकायबाट सामान जफत गर्ने, पर्यवरणीय क्षतिपूर्ति असुल्ने,उद्योग व्यवसाहिक प्रतिष्ठान सञ्चालन बन्द गरिने छ।

**सचिव**
**शहरी विकास विभाग**

## मन्त्री श्री शर्माद्वारा लेगसेपमा खेलकूद पूर्वाधार र मण्डपको उद्घाटन




गेजिङ।
कृषि बागवानी पशुपालन तथा पशु चिकित्सा सेवा विभाग मन्त्री श्री लोकनाथ शर्माले १२ जूनमा ,गेजिङ बर्मेक निर्वाचन क्षेत्रअन्तर्गत लेगसेप सार्वजनिक खेल मैदान वरिपरि निर्माण गरिएको खेलकूद पूर्वाधार र मण्डपको उद्घाटन गर्नुभयो।

मन्त्री श्री शर्मले आफ्नो सम्बोधनमा खेलकूदमा आधारित पूर्वाधार निर्माणले खेल क्षेत्रको बृहत्तर विकासमा टेवा पुग्ने र खेलप्रेमीको चाहना पूरा हुने विश्वास व्यक्त गर्नुभयो। खेलकूद पूर्वाधार निर्माणले लेगसेप र वरिपरि क्षेत्रका जनतालाई सजिलो हुने मन्त्री श्री शर्माले बताउनुभयो। खेलकूद पूर्वाधारको दिगोपन सुनिश्चित गर्नका निम्ति राम्रो व्यवस्थापन र संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो।

लेकसेप सार्वजनिक मैदान नजिकै छात्रावास निर्माण गरी मैदानको पछाडिपट्टि रक क्लाइम्बिङ सुविधा दिने जानकारी दिनुहुँदै सम्भावित बाढी र पहिरोबाट क्षेत्रलाई सुरक्षित राख्न लेगसेप नजिकै रङ्गीत खोलाको तटबन्ध निर्माण गरिने बताउनुभयो।

# पचासवटा निःशुल्क एमबीबीएस सीट सुनश्चित गर्न सफल बनेकोमा मुख्यमन्त्री सम्मानित




गान्तोक।

सिक्किम मणिपाल चिकित्सा विज्ञान संस्थान(एसएमआईएमएस)मा गत १२ जूनमा पचासवटा निःशुल्क एमबीबीएस सीट सुनश्चित गर्न सफल बनेकोमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई एसएमआईएमएसले सम्मानित गरियो। कार्यक्रमको आयोजना सिक्किम मणिपाल विश्वविद्यालय(एसएमयू) र राज्य कोटा प्राप्त गर्न सफल एमबीबीएस प्रथम वर्षका विद्यार्थीद्वारा गरियो।

सिक्किम सरकार एसएमआईएमएसमा पचासवटा निःशुल्क एमबीबीएस सीट सुनिश्चित गर्न सफल बन्नको सथै,संस्थानलाई वार्षिक रुपमा आवण्टित हुने १५० एमबीबीएस सीट मध्ये ८० सीट सिक्किमका विद्यार्थीको निम्ति सुनिश्चित गर्न मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। ८० सीट मध्ये ३० सीट पूर्ण भुक्तान कोटामा पर्छ भने ५० सीट पूर्ण रूपमा निःशुल्क कोटामा पर्छ।

कार्यक्रममा मुख्यमन्त्री श्री तामाङलाई एसएमयूका कूलपति र वरिष्ठ प्रशासनिक अधिकारीहरूको बाहुलीद्वारा स्मृति चिन्ह र प्रशस्ति पत्र अर्पण गरियो। यसैगरी मुख्यमन्त्रीलाई विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूद्वारा कृतज्ञता व्यक्त गरे।

कार्यक्रममा आफ्नो सम्बोधन राख्नुहुँदै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले मन्त्रीगण,प्रशासन र सिक्किमका जनताप्रति समर्पित गर्नुहुँदै पचासवटा निःशुल्क एमबीबीएस सीट संयुक्त टीमको प्रयासको परिणाम रहेको बताउनुभयो। मुख्यामन्त्री श्री तामाङले संस्थानको समग्र विकासका निम्ति उपयुक्त माहोल तयार गर्न सफल बनेकोमा सम्पूर्ण एसएमयू परिवारलाई बधाई दिनुभयो।

उहाँले सबैको निम्ति बलियो स्वास्थ्य देखभाल प्रणाली सुनिश्चित गर्ने सपनालाई साकार बनाउन विभिन्न क्षेत्रहरूमा राज्य सरकारसंग सहकार्यका निम्ति विश्वविद्यालयलाई धन्यवाद दिनुभयो। प्रत्येक वर्ष संस्थानबाट ठूलो संख्यामा चिकित्सकहरू निस्किने जानकारी दिनुहुँहुँदै राज्य सरकारले उनीहरूलाई राज्यभित्र नै समायोजित प्रयाप्त पूर्वाधार तयार गरिरहेको छ भनी उहाँले अवगत गराउनुभयो। यसक्रममा उहाँले जिल्ला अस्पतालहरूको उन्नयन र कारफेक्टारमा प्रस्तावित क्यान्सर अस्पतालको उदाहरणहरू प्रस्तुत गर्नुभयो।

मुख्यमन्त्री श्री तामाङले विद्यार्थीहरूलाई यस अवसरको भरपूर फाइदा उठाउन अनि आफ्ना माता-पिता र संस्थानको नाम रोशन गर्न आह्वान गर्नुभयो। उहाँले निःशुल्क एमबीबीएस सीटको निम्ति कृतज्ञता गर्ने उत्कृष्ट उपायमाथि प्रकाश पार्नुहुँदै विद्यार्थीहरूले आफ्नो पढाइ पूरा गरिसकेपछि कम्तिमा पाँचजना बिमारीको जिम्मा लिन सक्छन् भनी बताउनुभयो।

कार्यक्रमालाई शिक्षा मन्त्री श्री कुञ्जानिमा लेप्चा, एसएमयुका कूलपति लेफ्टिनेन्ट जनरल(सेवानिवृत) डा. राजन एस. अग्रवालले पनि सम्बोधन गर्नुभयो। कार्यक्रममा मन्त्री डा एमके शर्मा,मुख्यमन्त्रीका प्रेस सल्लाहकार श्री सीपी शर्मा,अतिरिक्त मुख्य सचिव जीपी उपाध्याय आदिको पनि उपस्थिति थियो।

# नाम्चीमा झाडापखाला नियन्त्रण पाक्षिकी कार्यक्रमको सुरु

नाम्ची।

अतिरिक्त जिल्लापाल (नाम्ची) श्री सत्यन प्रधानले १५ जूनमा नाम्ची जिल्ला अस्पतालमा झाडापखाला नियन्त्रण पाक्षिकी कार्यक्रमको शुभारम्भ गर्नुभयो।

कार्यक्रममा शिक्षा विभागका सह निर्देशक जी.पी.शर्मा, उपनिर्देशक शिक्षा विभाग श्रीमती एन्जिला सी. चिङ्गापा, सीडीपीओ (नाम्ची) श्री लक्ष्मण तामाङ, अतिरिक्त निर्देशक(पोषण) सुश्री शोफिया तामाङ, आशा र आँगनवाडी कार्यकर्ताहरू रहेका थिए।

झाडापखालाबाट हुने मृत्युदर विशेष गरी पाँच वर्ष मुनिका बालबालिकाको मृत्यु र यो रोग लाग्दा अपनाउनुपर्ने विभिन्न उपाय र सावधानीका बारेमा जनचेतना जगाउनु यस कार्यक्रमको आयोजनाको मुख्य उद्देश रहेको थियो।

मुख्य अतिथि श्री सत्यन प्रधानले आफ्नो सम्बोधनमा आशा र आँगनवाड़ी कर्मचारीहरूलाई समाजप्रतिको अतुलनीय सहयोग र समर्पणको लागि कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले यस डरलाग्दो रोगसँग लड्न तृणमूलस्तरदेखि नै काम गर्नुपर्नेमा जोड दिनुभयो।

झाडापखाला निको हुने र रोकथाम गर्न सकिने रोग भए पनि यसलाई बेवास्ता गरेमा मानिसको ज्यान समेत जानसक्ने भएकाले यस रोगबारे जनतालाई थप सचेत गराउन र विभिन्न उपायबारे पर्याप्त जानकारी दिन उहाँले आशा र आँगनवाडीलाई आग्रह गर्नुभयो। उहाँले सबै विद्यालयमा हात धुने विधि अपनाउन अनिवार्य गराउन शिक्षा विभागका सह-निर्देशकलाई आग्रह गर्नुभयो,ताकि सबै विद्यार्थीमा बाल्यकालदेखि नै हात धुने बानी बसोस्। उहाँले सकारात्मक स्वास्थ्य बानी बसाउन जनतालाई सचेत गराउने काम स्वास्थ्य विभागको मात्र नभएर समाजले स्वस्थ जीवनयापन गर्न सबै विभागले मिलेर काम गर्नुपर्ने बताउनुभयो।

नाम्ची जिल्ला अस्पतालका चिकित्सा अधिकारीले झाडापखालाबाट हुने मृत्युदर न्यूनीकरणका आधारभूत उपायबारे प्रकाश पार्नुभयो। उहाँले झाडापखाला विश्वभर प्रमुख चिन्ताको विषय बनेको र विकासोन्मुख देशहरूमा मृत्युदरको तेस्रो स्थानमा रहेको बताउनुभयो। उहाँले त्रुटिपूर्ण प्रविधि, गलत खानपान, खुला दिसा तथा अन्य विभिन्न कारणले झाडापखाला निम्त्याउने र ज्यान समेत जान सक्ने बताउनुभयो।

उहाँले हात धुने विधि अपनाएमा पखाला लाग्नबाट बच्न सकिन्छ, पिउने पानी कम्तिमा १० मिनेट उमालेर खाने र छ महिनासम्म शिशुलाई विशेष स्तनपान गराएमा बच्चाको रोग प्रतिरोधात्मक क्षमता बलियो हुने बताउनुभयो।उहाँले झाडापखालाबाट हुने मृत्यु दरलाई न्यूनीकरण गर्न र यसको नियन्त्रणका लागि अपनाउनुपर्ने रोकथामका उपायबारे जनचेतना जगाउन सबैलाई आग्रह गर्नुभयो। कार्यक्रममा जिल्ला अस्पतालकी डिआरचो डा. जुनिता योञ्जनले झाडापखाला लाग्ने कारण र यस डरलाग्दो रोगलाई नियन्त्रण र रोकथाम गर्न अपनाउने विभिन्न उपायबारे जानकारीमूलक प्रस्तुति प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा आशा कार्यकर्ता श्रीमती कृष्ण राईद्वारा हात धुने प्रदर्शन र श्रीमती ललिता छेत्रीले ओआरएस तयार पार्ने तरिकाबारे प्रदर्शन गरेर देखाउनुभयो।

## दोस्रो राज्यपाल कप....

खेलाडीलाई सहयोग गर्ने पहल गरेकोमा राज्यपाल सचिवालयलाई धन्यवाद दिनुभयो।

मुख्यमन्त्रीद्वारा खेलकुदको ढाँचालाई सुदृढ पार्न र थप प्रतिभाशाली ब्याडमिन्टन खेलाडीहरू बनाउन, सिक्किम विधानसभाको आगामी बजेट सत्रमा सिक्किममा एक उन्नत ब्याडमिन्टन कोर्ट र प्रशिक्षण केन्द्र विकास गर्न राज्य सरकारले विचार गर्ने घोषणा गर्नुभयो।

उहाँले सिक्किमको ब्याडमिन्टन संघ र ब्याडमिन्टन लिजेन्ड श्री पुलेला गोपीचन्दको संयुक्त पहलको पनि प्रशंसा गर्नुभयो। उहाँले १०-१५ प्रतिभाशाली ब्याडमिन्टन खेलाडीहरूलाई प्रशिक्षणको लागि आफ्नो अकादमी वा भारतीय ब्याडमिन्टन संघको कुनै पनि केन्द्रमा पठाइरहेकोमा सिक्किम ब्याडमिन्टन सङ्घ र महान ब्याडमिन्टन खेलाडी श्री पुलेला गोपीचन्दको संयुक्त पहलको प्रशंसा गर्नुभयो। बीएएसले त्यस्ता खेलाडीहरूको पहिचान गर्नेछ र उनीहरू छनोट भएपछि उनीहरूलाई प्रतिष्ठित एकाडमीहरूमा पठाइनेछ र साथै खेलाडीहरूले उनीहरूको पढाइ र खेलकुदबीच स्वस्थ सन्तुलन कायम राख्नेछन्।

यस अवसरमा बोल्नुहुँदै राज्यपाल श्री गंगा प्रसादले सिक्किमलाई प्रतिभाशाली खेलाडीहरूले आशीर्वाद दिएका छन् जसले उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्रिय र विश्वव्यापी रूपमा पहिचान बनाएका छन्। युवाहरुले स्वस्थ छनोट गरी आफ्नो उर्जा खेलकुदमा लगाउनुपर्नेमा जोड दिनुहुँदै राज्यमा युवाहरुबीच स्वस्थ प्रतिस्पर्धा प्रवद्र्धन गर्न थप खेल तथा खेलकुद गतिविधिहरु आयोजना गर्नुपर्नेमा जोड दिनुभयो।

आफ्नो संक्षिप्त सम्बोधनमा, विशेष अतिथि श्री पुल्लेला गोपीचन्दले राज्यमा ब्याडमिन्टन खेलको प्रवर्द्धनका लागि सबैको सामूहिक र सक्रिय सहभागिता देखाउन सिक्किमको विशिष्टता देख्न पाउँदा खुसी व्यक्त गर्नुभयो।

कार्यक्रममा राज्यपाल श्री गंगा प्रसाद, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, अनुभवी ब्याडमिन्टन खेलाडी श्री यापचुङ काजी र विशेष अतिथि श्री पुल्लेला गोपीचन्दबीच खेलिएको प्रदर्शनी खेल पनि देखाइएको थियो।

राजभवन र पालजर रंगशालामा भएको चारदिने राज्यपाल कप ब्याडमिन्टन प्रतियोगितामा राज्यका ६ वटै जिल्लाका २२८ खेलाडीले पुरुष युगल खुला, मिश्रित युगल खुला र पुरुष युगल अफिसर तथा राजनीतिक नेताको विधामा प्रतिस्पर्धा गरेका थिए।

प्रतियोगिताको नतिजा यस प्रकार रहेको छ ।

पुरुष डबल्स - अफिसर र राजनीतिक नेता (विजेता)

१. राजेन्द्र मास्के

२. साजन सुब्बा।

पुरुष डबल्स - अफिसर र राजनीतिक नेता (उपविजेता)

१. डा जेबी गुरुङ

२. डा. तीतस मिश्रा।

पुरुष डबल्स ओपन (विजेता)

१. रिवास राई

२. वाङ्ग्याल लेप्चा।

पुरुष डबल्स ओपन (उपविजेता)

१. अमन राई

२. साहिल प्रधान

मिश्रित डबल्स ओपन (विजेता)

१. सुनन्दिता बिष्ट

२. उत्तम जिन्दल

मिश्रित डबल्स ओपन (उपविजेता)

१. सेलिना राई

२. साहिल प्रधान

कार्यक्रममा साँस्कृतिक कार्यक्रम पनि गरिएको थियो। प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण योगदान पुर्याएकोमा बीएएस सदस्य तथा पदाधिकारीहरुलाई अभिनन्दन गरियो। समारोहको शुरूवातमा सिक्किम ब्याडमिन्टिन संघको सहयोगमा राजभवन सचिवालयद्वारा आयोजना गरेको दोस्रो राज्यपाल कप ब्याडमिन्टिन प्रतियोगिता २०२२-को राज्यपाल श्री गंगा प्रसादले राजभवन ब्याडमिन्टिन हलमा उद्घाटन गर्नुभएको थियो। स्वागत सम्बोधनमा राजभवनका सचिव श्री राज यादवले राज्यका युवामा खेलकूद संस्कृतिको प्रवद्र्धन गर्ने र टोलीको भावना र अनुशासन जगाउने उद्देश्यले गभर्नर कप ब्याडमिन्टन प्रतियोगिता गत वर्ष गभर्नरको सचिवालयद्वारा सुरु गरेको बताउनुभयो। उहाँले खेलकुद गतिविधिहरूमा सिक्किमका जनताको विशाल क्षमतालाई स्वीकार गरी उत्कृष्ट पहल गरेकोमा राज्यपाललाई धन्यवाद दिनुभयो।

राज्यपाल श्री गंगा प्रसादले आफ्नो सम्बोधनमा भन्नुभयो, स्वास्थ्य शरीरले मस्तिष्क स्वाच्छ राख्ने र मानसिक स्वास्थ्यमा सुधार आउने जानकारी दिनुभयो। उहाँले अझ भन्नुभयो देशमा खेलो भारत आन्दोलनमा सिक्कमले महत्त्वपूर्ण भूमिका खेलेको छ र राज्य खेलकुदको क्षेत्रमा उदीयमान प्रतिभाको साथ प्रशंसनीय रहेको छ।

उहाँले युवाहरूलाई लागूपदार्थबाट टाडा रहन र स्वास्थ्य क्षेत्रमा आफ्नो ऊर्जा प्रयोग गर्न अपील गर्नुभयो। सिक्किमलाई स्वाच्छ राख्न लागूपदार्थ दुरुपयोग विरुद्ध राज्यको नियमहरूमा प्रतिबद्ध रहन सबैलाई प्रोत्साहित गर्नुभयो। सहभागी सबैलाई शुभकामना दिनुहुँदै यस्ता प्रतियोगितामा सहभागी हुन जनतालाई प्रेरणा दिन आग्रह गर्नुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 500 Cps.11. 05. 2022